मिती २०७० असार ५

बाढी तथा बर्षा पिडित क्षेत्रहरुमा तत्काल राहतको कार्यक्रम बढाउन हार्दिक अनुरोध गर्दछ ।
यस संस्थाको जिल्ला, क्षेत्रीय समिती र सदस्य संस्थालाई उद्धारमा संलग्न हुन निर्देशन गर्दछौं ।

देशको मुख्यतय मध्य र सुदुर पश्चिम क्षेत्रमा निरन्तररुपमा परेको बर्षाको कारण भएको धनजनको क्षती प्रती लोकतान्त्रीक गैर सरकारी संस्था महासंघ नेपाल दुख व्यक्त गर्दछ । यस दुखपूर्ण अबस्थामा ज्यान गुमाउने व्यक्तिहरु प्रती हार्दिक श्रादान्जली व्यक्त गर्दछौ र शोक सन्तप्त परिबार प्रति हार्दिक समबेदना व्यक्त गर्दछौं । लागातार आएको बर्षा तथा बाढीबाट भएको क्षती प्रती नेपाल सरकार गम्भिीर हुन र तत्काल राहात उपलब्ध गराउन जोडदार माग गर्दछौं । विगतका सरकारहरु जस्तै राहत प्याकेज ढिला जाने, कमसल र काम नलाग्ने समानहरु वितरणको लागि जाने, मानवियताको लागी भन्दा पनि नाम, प्रचार र देखावटको लागी राहतको कार्यक्रमहरु गरेको भान गर्ने केही विकासे भनाउदा संस्थाहरुको कमाई खाने भाँडो समेत यस प्रकारको बिपत्तीहरु हुने गरेको अबस्था नदोहोराउन र मानविय हृदयकासाथ सहयोगको कार्यक्रम अगाडि बढाउन यस लोक तान्त्रीक गैर सरकारी संस्था महासंघ नेपाल सम्पूर्ण जनसमुदाय, दातृ निकाय तथा गैर सरकारी संघ तथा संस्थाहरुलाई हार्दिक अनुरोध गर्दछौं ।

यस प्रकारको विपती युक्त घडीमा लोकतान्त्रीक गैर सरकारी संस्था महासंघ नेपालको सम्पूर्ण जिल्ला कार्य समिती, क्षेत्रीय समिती तथा जिल्ला स्थित सम्पूर्ण सदस्य गैर सरकारी संस्थाहरुलाई राहत वितरणको कार्यक्रमहरू जिल्लास्तरबाट अगाडी बढउन, सरकारी निकायहरुबाट भए गरेको राहत प्याकेजहरु सम्बन्धमा प्रभाबकारी रुपमा अगाडि बढेको नबढेको सम्बन्धमा निरिक्षण गर्न, जिल्लामा के कस्तो क्षती भएको छ त्यस सम्बन्धमा विवरण तयार गर्न, रेडक्रस लगाएत द्वारा संचालीत उद्धार कार्यमा संलग्न हुन र यस सम्बन्धमा केन्द्रमा जानकारी गराउन समेत अनुरोध गर्दछैा । साथै सम्पूर्ण अन्य सरकारी तथा गैर सरकारी संघ संस्थाहरुलाई यथा सम्भब आफ्नो स्तरबाट सहयोग गर्न यसै विज्ञप्ती मार्फत अनुरोध गर्दछौं ।

महासचिब
मनोज कुमार कँडेल